नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
आपूर्ति व्यवस्था महाशाखा

☎ ४२६१७६८
४२६११३६
फ्याक्स- ४२६१४१३

पचली, टेकु
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७२/७३
चलानी नम्बरः- ४५२

मितिः २०७२।६।२१

**विषयः-** Web based LMIS सम्बन्धमा ।

श्री क्षेत्रिय मेडिकल स्टोर
विराटनगर, हेटौडा, वुटवल, नेपालगंज, धनगढी

श्री जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय
७५ जिल्ला ।

उपरोक्त विषयमा च.नं. २४ मिति २०७२।३।२९ को जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालयहरुमा अनिवार्य रुपमा Computerized Inventory Management System सञ्चालन गर्ने सम्बन्धमा स्वा.से.विको मिति २०७२।०३।२१ को निर्णय तथा च.नं. २२९ मिति २०७२।०५।०८ को मासिक Web-based LMIS प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र अनिवार्य रुपमा Upload गर्ने सम्बन्धी पत्र प्राप्त गर्नु भएकै होला ।

यसै सन्दर्भमा Computerized Inventory Management System सञ्चालनका लागि कम्प्युटर सहायकको लागि बजेटको व्यवस्था भएको विदितै छ । कतिपय जिल्लाहरुमा स्टोरकिपरहरु अन्यत्रबाट सरुवा भई आउनु भएको र नियुक्त भएका कम्प्युटर सहायकहरुलाई Inventory Management System सम्बन्धी तालिमको कार्यक्रम समेत वार्षिक कार्यक्रममा समावेश भएको हुँदा त्यस जिल्ला स्वास्थ्य/जिल्ला जनस्वास्थ्य कार्यालयमा कार्यरत स्टोर किपर तथा नियुक्त गरिएका कम्प्युटर सहायकहरुको नाम तथा मोवाइल नम्बर यस महाशाखामा यथाशक्य छिटो उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

पुनश्च : कतिपय जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुबाट Inventory Management System सञ्चालनका लागि नियुक्त कम्प्युटर सहायकहरुलाई स्टोरमा काम नलगाई अन्यत्र कार्य गर्न खटाइएको भन्ने जानकारीमा आएको हुँदा यसरी स्टोरमा कार्य गर्न नियुक्त कर्मचारीलाई अन्यत्र नखटाउनु हुन समेत जानकारीको लागि अनुरोध छ ।

(डा. भिम सिंह तिंकरी
निर्देशक